# नेपाल धितोपत्र बोर्ड

(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)

## नियमन तथा व्यवस्थापन विभाग

## प्रेस विज्ञप्ति

**शोक सभा आयोजना गरिएको सम्बन्धमा ।**

नेपाल धितोपत्र बोर्डको अध्यक्षको रुपमा मिति २०६८।०६।३० देखि २०७२।०६।२९ सम्म बोर्डको नेतृत्व गर्नुभएका पूर्व अध्यक्ष श्री बाबुराम श्रेष्ठको मिति २०७७।०७।०१ गतेका दिन असामयिक निधन भएकोमा बोर्ड स्तब्ध भएको छ। यस दु:खद घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्नुको साथै शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं । उहाँको असामयिक निधनप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न आज मिति २०७७।०७।०२ गते बोर्डमा शोक सभा आयोजना गरिएको थियो । उक्त शोक सभामा बोर्डका अध्यक्ष श्री भिष्मराज ढुंगाना लगायत सम्पूर्ण कर्मचारीहरुले उहाँको तस्बिरमा माल्यार्पण गर्नुका साथै उहाँको सम्झनामा दुई मिनेट मौन धारण गरिएको थियो ।

स्वर्गीय बाबुराम श्रेष्ठको ४ बर्षे कार्यकालमा केन्द्रीय निक्षेप कम्पनी सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड मार्फत सूचिकृत कम्पनीहरुको धितोपत्रहरुको अभौतिकीकरण गर्ने कार्य प्रारम्भ भएको थियो । त्यसैगरी, सूचिकृत कम्पनी तथा पब्लिक कम्पनीहरुले सार्वजनिक निष्कासन गर्ने धितोपत्रहरुको रेटिङ्ग गरी लगानीकर्ताहरुलाई कम्पनीहरुको जोखिम तथा सम्भावनाहरुको बारेमा जानकारी दिई सुसूचित निर्णय लिन सहयोग पुर्‍याउने उद्देश्यले साख मूल्यांकन कम्पनीलाई सञ्चालन अनुमति दिने कार्य भएको साथै धितोपत्र बजारका लगानीकर्ताहरुको समस्या, गुनासा, सल्लाह र सुझाव पेश गर्ने कार्यलाई सहजिकरण गर्न बोर्डमा हटलाईन फोनको व्यवस्था गर्ने र बोर्डको संस्थागत क्षमता अभिवृद्धि गर्न आवश्यक जनशक्ति पूर्ति गर्ने सम्बन्धि प्रक्रिया अगाडि बढाउने जस्ता महत्वपूर्ण कार्यहरु लगायत पूँजीबजारमा विभिन्न सुधारका कामहरु सम्पन्न गरी सफलता पूर्वक कार्यकाल पूरा गर्नु भएको थियो । आजको यस दु:खद समयमा नेपालको पूँजीबजारले एक योग्य व्यक्तित्व गुमाएको र नेपाली पूँजीबजारको लागि अपूर्णीय क्षति भएको छ ।

(निरज गिरी)
प्रवक्ता

२०७७।०७।०२ गते, आईतबार ।